# नेपाल पत्रकार महासंघ

# Federation of Nepali Journalists (FNJ)

केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल


मिति : २०७९।०७।१४

## शोक विज्ञप्ति

नेपाल पत्रकार महासंघ मकवानपुर शाखाका पूर्वसभापति अग्रज पत्रकार कौशल पाण्डेको ७५ वर्षको उमेरमा असामयिक निधन भएको दु:खद् खबरले नेपाल पत्रकार महासंघ स्तब्ध भएको छ। कलेजोमा क्यान्सर भई ६ महिनादेखि उपचार गराइरहनु भएका पाण्डेको २०७९ कात्तिक १० गते बिहीबार साँझ ५:४५ बजे हेटौंडा उपमहानगरपालिका ४ स्थित निवासमा निधन भएको हो।

वि.सं. २००४ मंसिर १५ गते उदयपुरको सिरूवानीमा जन्मनुभएका पाण्डे हेटौडामा रही पत्रकारितामा सक्रिय हुनुहुन्थ्यो। वि.सं २०४० सालदेखि रौतहटबाट हिमालबास मासिक पत्रिकाबाट पत्रकारिता सुरु गर्नुभएका पाण्डेले २०४२ सालमा हेटौंडाबाट प्रयास त्रैमासिक साहित्यिक पत्रिकाको प्रकाशन आरम्भ गर्नुभएको थियो। हाल साप्ताहिक रूपमा हेटौंडाबाटै प्रकाशन हुँदै आएको उक्त पत्रिकामा आवद्ध रहेका पाण्डे हेटौंडा सन्देश दैनिकको संस्थापक सम्पादकसमेत हुनुहुन्थ्यो। उहाँको निधनबाट नेपाली पत्रकारिता जगत्ले एक योग्य र अनुभवी पत्रकार गुमाएको छ भने महासंघले सक्रिय सदस्य गुमाएको छ। स्वर्गीय पाण्डेका श्रीमती, एक छोरा र एक छोरी हुनुहुन्छ।

यसैगरी नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेश समितिका सदस्य टेक मास्की रानाको ४८ वर्षको अल्पायुमै उपचारको क्रममा निधन भएको दु:खद् खबर महासंघ स्तब्ध भएको छ। डेंगु सक्रमित भई बुटवलस्थित लुम्बिनी प्रादेशिक अस्पतालको आइसियुमा उपचाररत रहेकै अवस्थामा मिर्गौला र जण्डिसको समेत समस्या देखिएका रानाको उपचारकै क्रममा २०७९ कात्तिक ९ गते बुधबार निधन भएको हो। स्याङ्जाको कालीगण्डकी गाउँपालिका-३ बिर्घा स्थायी घर भएका राना बुटवलमा रही सक्रिय पत्रकारितामा गर्दै आउनुभएको थियो। बुटवलस्थित रेडियो जागरणमा समाचार प्रमुखको रूपमा कार्यरत रानाको निधनले नेपाली पत्रकारिता क्षेत्रले एक जुझारु र उर्जावान पत्रकार गुमाएको छ। स्वर्गीय रानाका दुई छोरी र एक छोरा छन्।

नेपाल पत्रकार महासंघ स्वर्गीय पाण्डे र रानाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछ। साथै, शोकको यस घडीमा स्वर्गीय पत्रकारद्वयका शोकसन्तप्त परिवारजनमा धैर्यधारणको कामना र गहिरो समवेदना प्रकट गर्दछ।

रोसन पुरी
महासचिव


Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-4112763/4112673, Fax: +977-1-4112785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org